Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय
गैडहवा–३ विष्णुपुरा रुपन्देही

visit nepal 2020

प.सः०७६/०७७ मितिः२०७६।१०।१३

च.नं/प्रशासन/ ८९९

विषयः कार्यान्वयन गर्नु हुन।

श्री वडा कार्यालय सबै,

(गैडहवा गाउपालिका)

प्रस्तुत विषयमा यस गैडहवा गाउपालिका गाउकार्यपालिकाको मिति २०७६।०९।२० गते बसेको बैठकको निर्णय तपसिल बमोजिम रहेको ब्यहोरा जानकारीका लागि सादर अनुरोध छ ।सबै वडा कार्यालयहरुले सोही बमोजिम कार्यन्वयन गर्न गराउन सादर अनुरोध छ ।

२०७६।१०।१२
चिरञ्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

(क) १.गैडहवा गाउँपालिका भित्र विभिन्न सडक तथा नाली सफा राख्न देहाय वमोजिम गर्ने गरियो ।

२.घर अगाडीको नाली सफा गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित घरधनी हुने र सफा नगरे पहिले पटक रु.२०० जरिवाना गर्ने त्यसपछि पुनः दोहोराए पटके पिछे ५० प्रतिशतले जरिवाना वृद्धि गर्ने ।

३.कसैले सार्वजनिक सडकमा कुनै पनि किसिमको मालबस्तु, व्यक्तिगत सामान, निर्माण सामान, व्यापारिक सामान लगायत जुनसुकै सामान राखी सडक अवरोध गर्ने वा सडक फोहोर गर्ने, सडक कब्जा गर्ने, सडक बन्द गर्ने वा सडक कुनै किसिमले अवैधानिक रुपमा प्रयोग गर्न पाइने छैन र त्यसो गरे उक्त सामान हटाउन आदेश दिइनेछ र उक्त सामान नहटाए रु.५०० जरिवाना गर्ने र आदेश बमोजिम समान नहटाएमा गा.पा.ले हटाइ हटाउँदा लागेको खर्च सम्बन्धि व्यक्ति वा पक्षबाट असुल गरिनेछ र त्यसपछि पुन दोहोराए पटके पिच्छे ५० प्रतिशतले जरिवाना वृद्धि गर्ने

४.सडक नै अवरुद्ध हुनेगरी सवारी साधन राख्न, पार्किङ्ग गर्न पाइने छैन, सो राखे पार्किङ गरे रु.२०० जरिवाना गरिनेछ र त्यसपछि पुन दोहोराए पटकेपिछे ५० प्रतिशतले जरिवाना वृद्धि गर्ने ।

५.सडकमा फोहोर वा दिशा गर्न पाइने छैन, फोहोर फाले वा फोहोर गरे रु.२५० जरिवाना र त्यसपछि पुन दोहोराए पटकेपिच्छे ५० प्रतिशतले जरिवाना वृद्धि गर्ने ।

६.सडकमा पशु चौपाया बाँधेर राख्न पाइने छैन,पशु चौपाया राखे पहिलो पटक रु.२०० र त्यसपछि पुन दोहोराए पटकेपिच्छे ५० प्रतिशतले जरिवाना वृद्धि गर्ने।

ख)१.यस गा.पा. भित्र गाउपालिकालाई बुझाउनु पर्ने राजश्व नबुझाएमा,जरिवाना नतिरेमा वा गाउपालिकाको निर्देशन नमानेमा उक्त व्यक्ति वा घर परिवारलाई सरकारी सेवा बन्द गरिने ।